'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १७६ | बिहिवार ०८ फागुन, २०८१ | 20 (Thursday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०/-

### शिखा एकेडेमीको तेस्रो बार्षिक उत्सव सम्पन्न
## गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता : नगर प्रमुख आचार्य

सरला सुवेदी
कोहलपुर, फागुन/०७




बाँके जिल्लाको कोहलपुर नगरपालिका-८, पिपीरीस्थित शिखा एकेडेमीले आफ्नो तेस्रो वार्षिक उत्सव भव्य रूपमा सम्पन्न गरेको छ। २०७८ सालमा स्थापना भएको यस विद्यालयले गुणस्तरीय र व्यवहारिक शिक्षामा विशेष जोड दिँदै आएको छ । वार्षिक उत्सवको उद्घाटन समारोहमा प्रमुख अतिथि कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्यले रुद्राक्षको विरुवामा पानी सिंचित गर्दै कार्यक्रमको उद्घाटन गरे । प्रमुख अतिथि आचार्यले सम्बोधन गर्दै भने, "गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता हो । शिक्षाले विद्यार्थीलाई सिर्जनशील, आत्मनिर्भर र जिम्मेवार नागरिक बनाउँछ। कोहलपुरलाई शैक्षिक हबका रूपमा स्थापित गर्न विद्यालयहरूको महत्वपूर्ण भूमिका छ।" उनले शिक्षा क्षेत्रमा नगरपालिकाले उच्च प्राथमिकता दिइरहेको उल्लेख गर्दै विद्यालय परिवारलाई धन्यवाद ज्ञापन गरे । नगर प्रमुख आचार्यले अभिभावकलाई सचेत रहन आग्रह गर्दै भने, "शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम मात्र होइन, बालबालिकाहरूको व्यक्तित्व विकास गर्ने साधन हो । व्यवहारिक शिक्षा दिन नसक्ने विद्यालयहरूले अबको भविष्यमा विद्यार्थी पाउनै मुस्किल हुनेछ ।" उनले शिखा एकेडेमीले नयाँ सोच, राष्ट्रिय भावना, सामाजिक, सांस्कृतिक तथा नैतिक मूल्ययुक्त शिक्षा प्रदान गरिरहेको भन्दै विद्यालयलाई आगामि दिनमा अझ राम्रो काएययोजना सहित अघि बढ्न अनुरोध गरे । विद्यालयका कार्यकारी निर्देशक डा. राज कुमार सुवेदीले विद्यालयले बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्म कक्षा सञ्चालन गर्ने जानकारी गराउँदै विद्यार्थीहरूको रुचि अनुसार अतिरिक्त क्रियाकलापहरू समेत समावेश गरिएको बताए । विद्यालयमा ब्याडमिन्टन, फुटबल, स्विमिङ, क्रिकेट, बास्केटबल, संगीत, नृत्य, र पब्लिक स्पिकिङ जस्ता गतिविधिमा विशेषज्ञ प्रशिक्षकहरू द्वारा प्रशिक्षण दिइरहेको उनले जानकारी गराए । डा. सुवेदीले अतिथिहरुलाई धन्यवाद ज्ञापन गर्दै विद्यालयले गरिरहेका शैक्षिक गतिविधिहरू बार्व जानकारी गराउदै उपस्थित अतिथिहरुले विद्यालयले शैक्षिक विकासमा खेलेको भूमिकाको प्रशंसा गरे । विद्यालयका प्रधानाध्यापक इन्जिनियर राजिव सुवेदीले पारम्परिक शिक्षण पद्धतिभन्दा नवीनतम विधिहरू अपनाउँदै व्यवहारिक ज्ञान प्रदान गर्न विद्यालय प्रतिबद्ध रहेको बताए। उनले अन्तर्राष्ट्रिय स्तरको भाषा केन्द्रित रणनीति अवलम्बन गर्ने योजना रहेको जानकारी गराए। सुवेदीले वार्षिक उत्सवका अवसरमा विद्यालयले २०८५ सम्मका नवीनतम कार्ययोजना सार्वजनिक गरे । विद्यालयले विद्यार्थीहरूको मनोविज्ञानलाई बुझेर दण्डहिन शिक्षा प्रणाली अवलम्बन गरिरहेको छ ।

बाँकी ४ पेजमा...

### ७औं उपमेयर कप क्रिकेट:
## लक्ष्मी मावि र गोरखा युनाइटेडको विजयी सुरुवात

नमस्ते समचारदाता
कोहलपुर, फागुन/०७




७औं उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता-२०८१ को उद्घाटन खेलमा लक्ष्मी माध्यमिक विद्यालय र गोरखा युनाइटेड पब्लिक स्कुलले विजयी सुरुआत गरेका छन् । लक्ष्मी माविले एभरेस्ट सैनिकलाई पराजित गर्दा गोरखा युनाइटेडले विस्टर्न स्कुललाई हराउँदै पहिलो दिन उत्कृष्ट प्रदर्शन गरे। कोहलपुर स्थित प्रस्तावित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको पहिलो खेलमा लक्ष्मी माविले एभरेस्ट सैनिक मावि‌लाई १२५ रनको फराकिलो अन्तरले पराजित गरेको छ । टस जितेर पहिले ब्याटिङ गरेको लक्ष्मी माविले १५ ओभरमा ३ विकेट गुमाउँदै १६४ रनको ठूलो योगफल खडा गर्‍यो । १६४ रनको लक्ष्य पछ्याउने क्रममा एभरेस्ट सैनिक मावि ९ विकेट गुमाउँदै ३९ रनमै समेटिएको थियो। लक्ष्मी माविका लागि गीता परियारले ४ विकेट लिँदै प्लेयर अफ द म्याचको उपाधि जित्न सफल भइन् । त्यसैगरी, दोस्रो खेलमा गोरखा युनाइटेड पब्लिक स्कुलले विस्टर्न स्कुललाई ७ रनले पराजित गर्‍यो । विस्टर्न स्कुलले दिएको ९२ रनको लक्ष्य पछ्याउने क्रममा गोरखा स्कुलले ५ विकेट गुमाउँदै ९९ रन बनाएर जित हासिल गर्‍यो । उक्त खेलमा गोरखा स्कुलकी विपिका वली प्लेयर अफ द म्याच घोषित भइन् । उनलाई राष्ट्रिय खेलकुद परिषद्का सिनियर कोच दिपेन्द्र प्रताप सिंहले पुरस्कार हस्तान्तरण गरेका थिए । प्रतियोगितामा सामुदायिक र संस्थागत विद्यालय गरी जम्मा १९ विद्यालय सहभागी छन्। पहिलो दिन दुई खेल सम्पन्न भएका छन् भने प्रतियोगिता फाल्गुन १३ गतेसम्म सञ्चालन हुनेछ ।




नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

## लुम्बिनी प्रदेशमा गौशाला सञ्चालन सम्बन्धी ऐन बनाउछौं: मुख्यमन्त्री आचार्य

नमस्ते समचारदाता
बुटवल, फागुन/०७




लुम्बिनी प्रदेश सरकारले सामुदायिक गाईबस्तु व्यवस्थापनका लागि गौशाला सञ्चालनसम्बन्धी ऐन निर्माण गर्ने भएको छ । लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था मन्त्रालयले बुधवार बुटवल उपमहानगरपालिका संग समन्वय गरेर आयोजना गरेको सामुदायिक गाईबस्तुको व्यवस्थापन सम्वन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्वोधन गर्दै मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी प्रदेश सभाको अधिवेशनमा विधेयक पेश गर्ने तयारी भइरहेको जानकारी दिनुएको हो । प्रदेश सरकारले कानुनमा एकरूपता कायम गर्न ऐन निर्माण गर्न लागेको हो । हाल केही स्थानीय तहले कार्यविधि बनाएर गौशाला सञ्चालन गरिरहेका छन् । तर, कानुनी स्पष्टता र प्रभावकारी कार्यान्वयनका लागि प्रदेशस्तरबाट नीति बनाउने तयारी भइरहेको छ । संघीय कानुनका कारण देखिएका अप्ठ्यारा फुकाउन प्रदेश सरकारले पहल गर्ने मुख्यमन्त्री आचार्यले बताउनु भएको छ । पर्यटन, कृषि तथा मुख्यमन्त्री कार्यालयको संयुक्त समन्वयमा लुम्बिनी प्रदेशभर व्यवस्थित रूपमा गौशाला सञ्चालन गर्न नीति निर्माण गरिनेछ । 'कानुनमा एकरुपता आवश्यक छ । यसकालागि प्रदेश सरकारले ऐन निर्माण गर्ने कुरामा म विश्वास दिलाउन चाहन्छु' मुख्यमन्त्री आचार्यले भन्नुभयो,'प्रदेश सरकारले गाईवस्तुको संरक्षण गर्ने मात्रै नीति लिएको छैन्, यसको उचित व्यवस्थापन, नश्ल सुधार गर्दै आम्दानीको स्रोतबृद्धि गर्ने सम्मका योजना छन् ।' प्रदेश सरकारले गौसंरक्षणलाई मात्र होइन, नस्ल सुधार गरी गाईपालनलाई आम्दानीको स्रोतका रूपमा विकास गर्ने योजना बनाउन थालेको हो । पशु चिकित्सक र गाई हेरचाहका लागि आवश्यक जनशक्ति व्यवस्था गरिने, वन क्षेत्रलाई जोगाउँदै अस्थायी गोठ निर्माण गरी गाईबस्तुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने मुख्यमन्त्री आचार्यले बताउनुभयो ।

बाँकी ४ पेजमा...

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## ऐतिहासिक दिनको गौरव

वर्षभरि सबै दिनका आआफ्नै विशेषता हुन्छन् तर समान छैनन्। कुनै कुनै दिनले समाजलाई आमूल परिवर्तनको युग सन्देश दिइरहेका हुन्छन्। नेपालको सन्दर्भ फागुन ७ गतेको विशिष्ट महत्व छ। यही दिन २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना भयो। इतिहासको निकै लामो कालखण्ड अर्थात् १०४ वर्ष जहानियाँ राणा शासनको निरक्तशतन्त्र यही दिन समाप्त भयो। फागनु ७ गते एकाएक आएको थिएन। अनेक सपुतले यो दिन ल्याउन प्राणको आहुति दिएका थिए। विसं १९९७ मा जनचेतनाका संवाहक चार जना नेपाली महान् युवा सपुत धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र शुक्रराज शास्त्रीलाई राणा शासनले ज्यान लिएको थियो। मृत्यु दण्ड दिएको थियो। त्यो क्रूर परिघटनाले देशमा राजनीतिक सन्नाटा छायो। तथापि त्यसबेलादेखि नै राणा शासनप्रति अझ व्यापक बनेको असन्तुष्टिलाई समयक्रमले विकास गर्दै लग्यो। फलस्वरूप नेपाली कांग्रेसले राणाविरुद्ध सशस्त्र क्रान्ति संस्थागत गर्न सक्यो। राजा त्रिभुवनले जनताको त्यो क्रान्तिलाई साथ दिएसँगै २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना सम्भव भयो। नेपाली जनताको मुहारमा प्रजातन्त्रको त्यो उज्यालो किरणले हरेक नागरिकलाई आफ्नो हक अधिकार खोज्ने ऐतिहासिक सुअवसर प्राप्त भयो। निरक्तुशतन्त्रविरुद्ध सफलता हासिल भएको त्यो फागुन ७ गते नेपालका तमाम परिवर्तनको मूल जग भएर रहेको छ। जन्मँदै जर्नेल हुने राणाशाहीमा सामान्य जनतालाई शिक्षाको कुनै हक थिएन। साक्षरताको दर नै लगभग डेढ दुई प्रतिशत थियो। परिवर्तनले दिएको शिक्षाको हककै विस्तारित स्वरूपले देशमा आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक चेतनाका लहर फैलिन सक्यो। राजनीतिक परिवर्तनका अनेक अवयव पार गर्दै पहिलो जननिर्वाचित सरकारले काम थालेको १८ महिनामै देश २०१७ साल पुस १ गते फेरि निरक्तुशताको अर्को कठोर तीन दशक भोग्न बाध्य भयो। रात जति नै अन्धकार भए पनि उषाको किरणले त्यसलाई निर्मूल नै गर्ने हो भने झैँ २०३६ सालपछि देशमा विस्तारित जनचेतनाले छ्यालीस सालको परिवर्तन सम्भव भयो। देशमा प्रजातन्त्र पुनर्स्थापना भयो। ४६ सालको परिवर्तनपछि नै नेपालले संसदीय प्रजातान्त्रिक प्रणालीलाई फराकिलो आयामका साथ अभ्यास थाल्यो। अर्थतन्त्रका आधारभूत संरचना निर्माण हुँदै गए। शिक्षा र स्वास्थ्य क्षेत्रमा देशले फराकिलो फड्को मार्न थाल्यो तर पनि राजनीतिक अस्थिरता र अशान्तिको अनेक षड्यन्त्रबाट देशले मुक्ति पाउन सकेन। संवैधानिक राजतन्त्रको अभ्यासमा असन्तुष्ट राजतन्त्र फेरि निरक्तुश फँणा उठाउन दाउमा रहेछ। त्यसै अवस्थाले २०६१ माघ १९ को राजा ज्ञानेन्द्रको तानाशाही अवतरण भएपछि देशमा परिवर्तनको नयाँ आयाम विकास गर्नैपर्ने बाध्यता भयो। निरक्तुशताको कालरात्रि सधैँका निम्ति चिर्न नेपाली जनताले फेरि संगठित आन्दोलनको गर्नैपर्ने अवस्था आयो। इतिहासको अनुभवकै आधारमा २०६२/६३ सालको आयामिक जनआन्दोलनमा देश हुमियो। नेपाललाई नयाँ गणतान्त्रिक युगमा प्रवेश गराउने त्यस जनआन्दोलनले नेपाललाई संविधान सभाबाट आफ्नो संविधान आफैँ लेख्ने ऐतिहासिक अवसरतर्फ अग्रसर गराउन सफल भयो। अनेक कठिन घडी पार गर्दै देशले सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न २०७२ सालमा संविधान सभाबाट नयाँ संविधान बन्न सक्यो। भनिन्छ, पेरिस एकै दिनमा बनेको होइन। कुनै पनि मुलुक बन्नका निम्ति आधारभूत संरचना विकास हुँदै जानु पर्छ। नयाँ संविधानले युगौँदेखि केन्द्रीकृत संरचनाको काठमाडौँकृत शासनव्यवस्थालाई विकेन्द्रीकृत गरेको छ। संघीयताको नवीन अभ्यासले देशमा तीन तहको सरकार स्थापना गरेको छ। सङ्घ, सात प्रदेश र ७५३ स्थानीय सरकार गरी देशमा ७६१ सरकार संवैधानिक सीमाभित्र व्यापक विकेन्द्रीकृत शासन व्यवस्थामा अभ्यासरत छन्।

# सात सालले जगाएको राष्ट्रियता

**विपुल पोखेल**

> सात सालको क्रान्तिले सिङ्गो पाललाई जोड्ने अभिरान शाल्यो, विधिको शासन, मानव अधिकार, राजनीतिक अधिकार, सांस्कृतिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रतासहितको लोकतान्त्रिक शासन व्यवस्थाको परिकल्पना गऱ्यो। आज नेपाल राही मार्गमा उभिएको छ।



विपुल पोखेल



आज विश्व मानचित्रमा लोकतान्त्रिक शासनको अभ्यास गर्ने देशका रूपमा नेपाल परिचित छ। नेपालको आधुनिक राजनीतिक इतिहासको जग बसालेको २००७ सालको क्रान्तिको जगमा उभिएर नै नेपालको यो पहिचान बनेको हो। लोकतान्त्रिक शासनको लत बसेको समाजले कुनै पनि निरङ्कुश, अधिनायकवाद र तानाशाही प्रवृत्तिलाई स्वीकार गर्न सक्दैन। २०१७ सालपछि जबरजस्त लादन खोजिएका त्यस्ता असम्भव प्रयत्नहरूको नागरिक तहबाटै प्रतिवाद भयो र ती प्रयत्नहरू पूर्ण रूपमा विफल भए। पञ्चायत, निरङ्कुश राजतन्त्र मात्र होइन, राजसंस्था नै ढाल्ने चेतको जग भनेकै सात सालको क्रान्ति थियो। नेपालको आधुनिक राजनीतिको मात्र होइन, राष्ट्रियभावको जागृति, परिवर्तनका क्षेत्रहरूको पहिचान, परिवर्तनका रणनीतिहरू, तिनको कार्यान्वयनको पहलकदमीको इतिहास बुझ्न चाहनेका लागि सात साल महत्वपूर्ण छ। त्यति बेलाको नेपालीको साझा प्रयत्न अध्ययनको लागि अनिवार्य छ। राजनीति भनेको राजा र राणाको दरबारभित्रको रोमाञ्चकतामा सीमित थियो। परिणाम दिने अभ्यासभन्दा पनि बिलासी बन्ने प्रतिस्पर्धाको नाम थियो राजनीति। कसले कसरी सुरक्षित र बिलासी ढङ्गले कार्यकाल बिताउने भन्ने प्रतिस्पर्धामा शासकहरू रहन्थे, त्यो अभ्यासमा जनता कहिल्यै पनि केन्द्रविन्दुमा रहँदैनथे। सात सालको क्रान्तिले शासन अभ्यास जनताको चासो र सक्रियताको विषय हो भन्ने कुरा स्थापित गर्न सक्यो। त्यति मात्र होइन, यही जगमा मात्र राष्ट्रिय भाव जागृत हुन्छ भन्ने विश्वास गऱ्यो। परिणाम पनि त्यस्तै देखियो। तसर्थ सात सालको क्रान्तिलाई राजनीतिक परिवर्तन मात्र भनेर व्याख्या गरियो भने त्यो अपुरो व्याख्या हुन्छ। नेपालमा पहिलो पटक त्यही क्रान्तिले राष्ट्रिय भावको जागृति गर्न सक्यो। सात सालको क्रान्तिभन्दा पहिले नेपाल भनेर सिङ्गो नेपाललाई चिनिँदैनथ्यो, ठानिँदैनथ्यो। नागरिकको परिचय 'नेपाली' बनिसकेको थिएन। 'गोर्खाली' भनिन्थ्यो, त्यो पनि पहाडीहरूलाई मात्र। काठमाडौँ जाँदा नेपाल जाने भनिन्थ्यो। विराटनगर वा तराईका अन्य स्थानमा जाँदा 'मधेश झर्ने' भनिन्थ्यो। त्यति मात्र होइन, राजालाई नेपाली राजा भनिँदैनथ्यो। गोर्खाली राजा भनिन्थ्यो। ठाउँठाउँमा ठुलाबढा-टाठाबाठालाई नै शासक मानिन्थ्यो। देशमा एकीकृत भाव थिएन। कानुन एउटै थिएन। जातीपिच्छे कानुनहरू थिए। जातीय संस्कार नै स्थानीय कानुन थिए। सबै नागरिकलाई समेट्ने र सबैले स्वीकार गर्ने कानुन थिएन। सबैको साझा देश नेपाल भन्ने भावना नै थिएन, देशबासीले अपनत्व महसुस गर्ने सर्वस्वीकार्य कानुन पनि थिएन। त्यस्तो अवस्थाको भुगोल र नागरिक भएको समाजलाई राष्ट्र भन्ने कि नभन्ने ? गम्भीर प्रश्न उठ्ने ठाउँ थियो। सिङ्गो नेपाललाई अलग अस्तित्व र पहिचानका लागि राष्ट्रियभावको जागरण हिँडाउनुपर्ने समयको माग बनिरहेको थियो। एकतातर्फ राणाहरूले राजनीतिलाई दरबारमै सीमित राखेका थिए, अर्कोतर्फ राष्ट्रियभावना कुन चराको नाम हो ? भन्ने अवस्था थियो। यही परिवेशमा सात सालको क्रान्तिको विगुल बज्यो। प्रजापरिषद्, जयंतु संस्कृतम् जस्ता अभियानहरूले सानो समूहलाई तरङ्गित गरिरहेको थियो तर त्यसले व्यापकता पाउन सकिरहेको थिएन। चार सहिदले शहादत्त पाएपछि सचेत र पढेलेखेका नेपालीमा कानेखुसी हुनथाल्यो, कानेखुसीले असन्तुष्टको समूह निर्माण गर्दै गयो। उता भारतमा बसेका नेपाली सङ्गठित भई नेपाली कांग्रेस स्थापना गरे। क्रान्तिका लागि मलिलो अवस्थाको विश्लेषणका साथ क्रान्तिको आह्वान भयो। सहिद शुक्रराज शास्त्रीले शहादत्त प्राप्त गर्दा 'जय नेपाल' भन्दै सबैलाई अभिभादन गरेका थिए भनिन्छ। सायद त्यसै शहादत्तको विरासतको निरन्तता स्वरूप कांग्रेसले क्रान्तिको नारा वा आह्वान 'जय नेपाल' भनेर दियो। बिपी कोइरालाले एउटा अन्तर्वार्तामा भन्नुभएको छ, "०७ सालमा नेपालको इतिहासमा पहिलो चोटी जातिलाई बिर्सिएर क्रान्तिमा लागेर सबै जातिले राणा सिद्धाउन लागे। पहिलो पटक राष्ट्रिय भावनाको जागृत भयो। त्यो बेला हामीले जय नेपालको कल दियौँ। महाकालीदेखि मेचीसम्म नेपाल हो भन्यौँ।" यो सन्दर्भले के देखाउँछ भने नेपालको राष्ट्रियताको जग पनि सात सालको क्रान्ति थियो। त्यो क्रान्तिले नै नेपाललाई एउटा राष्ट्रका रूपमा उभ्याउनु पर्छ भन्ने चेतनाको जागृत गऱ्यो। बिपी कोइरालाले राष्ट्रियताका बारेमा व्याख्या गर्दै भन्नुभएको छ, "जनता हुन्छन्, उनीहरूका बिचमा समस्याहरू पनि हुन्छन्, समस्या समाधानका उपायहरू पनि हुन्छन्, ती समस्याको समाधानको प्रयत्न गर्न सामूहिक भावना जागृत हुन्छ। त्यसरी जागृत भएको सामूहिक भावना नै राष्ट्रियता हो।" उहाँको यो विश्लेषणको आधार सात सालको क्रान्ति नै हो। महाकालीदेखि मेचीसम्म जनता थिए। उनीहरूको साझा समस्या थियो प्रजातन्त्रको अभाव। प्रजातन्त्र स्थापनाका लागि सबै लड्नु पर्छ भन्ने उपाय थियो र त्यो उपाय क्रान्तिले सुझायो। त्यो क्रान्ति गर्दा सामूहिक भावना जागृत भयो। त्यही भावनाले गोर्खाली, मधेश, पहाड, पूर्वीय, पश्चिमी, थारू, लिम्बूवान्, ससाना रजौटाहरूको शासन क्षेत्रका नामहरूलाई विस्थापित गर्दै महाकालीदेखि मेचीसम्मका सबै हामी नेपाली हौँ भन्ने भावनाको पक्षमा विशाल जागरण ल्यायो। सबै नेपालीका लागि समान अवसरको सोचको विकास हुन थाल्यो। सबै नेपालीको स्वाभिमानका लागि सबै नेपालीले स्वरमा स्वर मिलाउन थाले। सबै नेपालीका लागि समान कानुन निर्माणको सिद्धान्तमा टेकेर कानुन बन्न थाले। सबै नेपालीलाई समेटेर राजनीतिक दलहरू स्थापित हुन थाले। सबै नेपालीलाई लक्षित गरेर राजनीतिक तथा सामाजिक गतिविधिहरू हुन थाले। सबै नेपालीलाई समान ठानेर सामाजिक, शैक्षिक, सांस्कृतिक, स्वास्थ्यको अधिकारको बहस हुन थाले। राजनीतिक दलहरूले जनताका लागि एजेन्डाहरू तय गर्न थाले। ती एजेन्डामाथि देशभर समान ढङ्गले छलफल, बहस हुन थाले। यस्ता छलफल, बहसहरूले 'मैले पनि देशको विषयमा छलफल गर्दै छु" भन्दै नागरिकहरूमा सन्तुष्टिको भाव जागृत गर्न थाल्यो। राष्ट्र निर्माणको अभियानमा यी बहसहरूले नागरिकको संलग्नताको वातावरण बनाइदिँदै गयो। अर्कोतर्फ ती छलफल र बहसले तल्लो तहसम्म पनि अन्तर्क्रियात्मक समाज निर्माण गर्दै गयो। अन्तर्क्रियात्मक समाज भनेको लोकतन्त्रको मेरुडण्ड हो। सात सालको क्रान्तिसँगै जागेको राष्ट्रियताको भावनाले निर्माण गरेको अन्तर्क्रियात्मक समाजले त्यसपछिका अलोकतान्त्रिक शासान-प्रयासहरूलाई आजसम्म अस्वीकार गर्दै आएको छ। त्यो अस्वीकार्यताको अगुवाइ राजनीतिक दलहरूले गर्ने गर्छन्। सात सालको क्रान्ति र त्यसपछिको अवस्थाको विश्लेषण गर्ने हो भने देशभर बहस र छलफलका लागि एजेन्डा दिने र तल्लो तहको संरचनासम्म त्यसमाथि छलफल गराउने भनेका राजनीतिक दलहरूले नै हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ। यसरी राष्ट्रिय भावको जगेर्ना गर्न र यसलाई जीवन्त राख्ने सन्दर्भमा राजनीतिक दलहरू महत्वपूर्ण तत्व हुन्। सात सालको क्रान्तिको एउटा लक्ष्य राजनीतिक दल खोल्न पाउने अधिकार थियो। दलहरूले जातीय र क्षेत्रीय विभेदलाई चिर्दै राष्ट्रिय भावको जागरणमा दिलो ज्यान दिएर आफूलाई क्रियाशील बनाउँछन् भन्ने विश्वासले नै दलहरूको परिकल्पना गरिएको हो। नेपालमा दलहरूले त्यो भूमिका पनि निर्वाह गर्दै आएका हुन्। उनीहरूको त्यो भूमिकाको सम्मान पनि गर्नु पर्छ। सात सालको क्रान्तिले सिङ्गो नेपाललाई जोड्ने अभियान थाल्यो, विधिको शासन, मानव अधिकार, राजनीतिक अधिकार, सांस्कृतिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रतासहितको लोकतान्त्रिक शासन व्यवस्थाको परिकल्पना गऱ्यो। आज नेपाल यही मार्गमा उभिएको छ। अहिलेको हाम्रो संविधानको सारभूत कुरा भनेकै सात सालको क्रान्तिले निर्दिष्ट गरेका लक्ष्यहरूको समुचित भाव नै हो। आज सात सालको क्रान्तिको स्मरण गर्दै गर्दा त्यो क्रान्तिले निर्दिष्ट गरेका लक्ष्यको आलोकमा उभिएर अहिले समीक्षा भने गर्नै पर्छ। आज राष्ट्रिय भावको जागरणको गति कुन तहमा छ ? हाम्रा गतिविधिहरू देश जोड्नेतर्फ कत्तिको उन्मुख छन् ? साझा भावना विकास गर्नका लागि कत्तिको उत्साहपूर्ण परिवेश निर्माण गरिँदै छ ? सबै नेपाली, सबैको नेपाल भन्ने भावनाको आयतन वृद्धिका लागि आफ्नो तर्फबाट कत्तिको योगदान भयो ? सहअस्तित्वको भाव कत्तिको प्रगाढ छ ? विधिको शासन कत्तिको मजबुत भएको छ ? जनता कत्तिको सन्तुष्ट छन् ? यी सवालहरूको उत्तरको खोजीले नै हामीलाई आत्मसमीक्षाको कसीमा उभ्याउने छ। यो आत्मसमिक्षापछि इमानदार प्रयत्न गर्ने थप ऊर्जा प्राप्त हुने छ। त्यो ऊर्जाले फेरि पनि राष्ट्रिय भावको जागरणमा योगदान दिने छ। यही भाव नै राष्ट्र निर्माण, लोकतान्त्रिक शासन अभ्यासको सबलता र समग्र परिवर्तनको आधार हुने छ।

*–गोरखापत्र*

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# बाँकेको कोहलपुरमा रहेको शिखा एकेडेमीको तेस्रो बार्षिक उत्सवको केहि फोटोफिचर






























# रैथाने बालीमा आधारित सडक खाना महोत्सव

■ नमस्ते समचारदाता

सुर्खेत, फागुन/०७

कर्णाली प्रदेशमा प्राङ्गारिक तथा रैथानी बालीको प्रथम सडक खाना महोत्सव सुरु भएको छ । कर्णाली प्रदेश स्थापना भएपछि २०७४ फागुन ६ गते बसेको कर्णाली प्रदेशको मन्त्रीपरिषद्को पहिलो बैठकले कर्णाली प्रदेशलाई प्राङ्गारिक कृषिको आधार तयार गर्दै रैथाने बालीको संरक्षण तथा संवर्धन गर्ने निर्णय गरेको थियो । त्यस्तै २०७७ माघ ३० गतेको मन्त्रीपरिषद् बैठकबाट हरेक वर्षको फागुन ६ गतेलाई प्राङ्गारिक कृषि दिवसका रूपमा मनाउने निर्णय भए अनुसार होटेल व्यवसायी सङ्घ सुर्खेत, कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लगायत अन्य सरोकारवालाको संयुक्त आयोजनामा मङ्गलबारदेखि प्रथम सडक खाना महोत्सव सुरु भएको हो । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले खाना महोत्सवको उद्घाटन गर्दै यस्ता महोत्सवको



कर्णालीको लोप हुन थालेका रैथाने र अर्गानिक वस्तुको बजारीकरण र प्रचारप्रसार हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले विगतमा गरिबले खाने भनिएका फापर, कोदो, कागुनो जस्ता अन्न अहिले सम्पन्नले खोजी खोजी खाने हुँदा कर्णालीवासीले यी उत्पादनलाई बढावा दिनुपर्ने बताउनुभयो । लोप हुन थालेका रैथाने बालीलाई स्थानीय तह, प्रदेश सरकारले पनि प्राथमिकता दिएको र आगामी दिनमा कृषकले पनि यसको विस्तार र संरक्षणमा जोड दिनुपर्ने उहाँको भनाइ छ । साथै कर्णालीका हरेक होटेललाई कर्णालीका रैथाने बालीको खानालाई प्राथमिकतामा राख्न उहाँले आग्रह गर्नुभयो । भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोद शाहले महोत्सवले कर्णालीको रैथाने र अर्गानिक खानाको प्रचारप्रसार हुने बताउनुभयो । जलवायु परिवर्तनका कारण कर्णाली प्रदेशको कृषिमा पनि प्रभाव परेकाले रैथाने बालीलाई जोड दिनुपर्ने उहाँको भनाइ छ । मन्त्रालयका प्रवक्ता एवं कृषि प्रसार अधिकृत धनबहादुर कठायतले पहिलो पटक सडक खाना महोत्सव आयोजना गरिएको र यसलाई आगामी दिनमा निरन्तरता दिँदै जाने बताउनुभयो । उहाँले महोत्सवले कर्णालीका मूल्यवान् रैथाने बालीको देशविदेशमा बजारीकरण हुने उल्लेख गर्नुभयो । बुधबारसम्म सञ्चालन हुने खाना महोत्सवमा १५ वटा स्टल राखिएका छन्, जसमा कर्णालीका अर्गानिक र रैथाने बालीबाट उत्पादन भएका परिकार तथा अन्य सामग्री छन् ।

# ‘अस्पतालले जनताको विश्वास बद्ने गरी काम गर्नुपर्छ’



■ नमस्ते समचारदाता

सुर्खेत, फागुन/०७

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेश अस्पतालले जनताको विश्वास बद्ने गरी काम गर्नुपर्ने बताउनुभएको छ । आज प्रदेश अस्पताल सुर्खेतको १९औँ स्थापना दिवसलाई सम्बोधन गर्दै उहाँले राम्रो सेवा पाउँदा मात्र सरकारको काम जनताले बुझ्ने भएकाले जिम्मेवारीपूर्वक काममा लाग्न निर्देशन दिनुभयो । कर्णाली प्रदेश सरकारले समग्र कर्णाली प्रदेशको स्वास्थ्य क्षेत्र सुधार गर्ने योजनामा सरकारले काम गरिरहेको मुख्यमन्त्री कँडेलले उल्लेख गनुभयो । कर्णाली प्रदेशका सबै क्षेत्रका विकास निर्माणका काम अघि बढिरहेको हुनाले केही समयमा कर्णाली समुन्नत हुने उहाँको भनाइ थियो ।

## गुणस्तरीय...

विद्यालयका प्रिन्सिपल राजिव सुवेदीका अनुसार विद्यार्थीहरूको पाठ्यक्रमको भार कम गर्दै एक दिनमा चार वटा मात्र विषय अध्यापन गराइनेछ, जसले उनीहरूलाई व्यवहारिक सीप सिक्न अवसर मिल्नेछ । कार्यक्रमका विशिष्ट अतिथि प्यान्सन बाँकेका अध्यक्ष विकास बज्राचार्यले विद्यालयले छोटो समयमै पश्चिम नेपालकै उत्कृष्ट शैक्षिक संस्थाको रूपमा पहिचान बनाएको उल्लेख गर्दै भने, “विद्यालयको भौतिक पूर्वाधार र शिक्षण प्रणाली उच्चस्तरको छ । अभिभावकहरूले विद्यालय सँग समन्वय गरेर आफ्ना बालबालिकाको सिकाइलाई अझ प्रभावकारी बनाउन सक्नेछन् ।” कोहलपुर नगरपालिकाकी उपप्रमुख संगीता सुवेदीले पछिल्लो समय शिखा एकेडेमी गुणस्तरीय शिक्षा, जीवन उपयोगी सीप, संस्कार, र नैतिक शिक्षामा विशेष जोड दिँदै अभिभावकहरूको पहिलो रोजाइ बन्न सफल भएको बताइन् । विद्यालय सञ्चालक समितिका अध्यक्ष गोपाल अधिकारीले विद्यालयको शिक्षण प्रणालीबारे बोल्दै भने, “गुणस्तरीय शिक्षा अहिलेको प्रमुख आवश्यकता हो । शिक्षाले बालबालिकालाई सिर्जनशील, आत्मनिर्भर र जिम्मेवार नागरिक बनाउँछ । हाम्रो विद्यालय यसै दिशामा अगाडि बढिरहेको छ ।” विद्यालयले डिजिटल प्रविधि, वातानुकूलित कक्षा कोठा, सीसीटीभी निगरानी, मल्टिमिडिया शिक्षण प्रणाली, र इन्टरनेट प्रविधिको प्रयोग गर्दै शिक्षण सिकाइलाई थप प्रभावकारी बनाएको छ । साथै, विद्यार्थीहरूलाई सिर्जनशील लेखन, सार्वजनिक भाषण, व्यक्तित्व विकास, तथा समाजसेवामा संलग्न गराउँदै आएको छ । कार्यक्रममा नगरका विभिन्न क्षेत्रका अगुवा, अभिभावक, विद्यार्थी, तथा विद्यालय परिवारका सदस्यहरूको उत्साहजनक उपस्थिति रहेको थियो । कार्यक्रममा विद्यार्थीहरूले विज्ञान प्रदर्शनी, नृत्य, गायन, खेलकुद, तथा विविध सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरेका थिए । कार्यक्रममा विद्यालयका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो भने, विशेष अतिथिहरूलाई मायाको चिनो प्रदान गरियो । समारोहमा नगर शिक्षा प्रमुख राम बहादुर हमाल, वडाध्यक्ष लालबहादुर राना, शिक्षक अभिभावक संघका अध्यक्ष दीपक भण्डारी, पत्रकार महासंघ लुम्बिनी प्रदेश सचिव सरला सुवेदी लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# महिला सशक्तीकरण प्राथमिकतामा

■ नमस्ते समचारदाता

सुर्खेत, फागुन/०७

कर्णाली प्रदेश सरकारले महिला सशक्तीकरणका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । उद्यमी महिलाहरूलाई प्रोत्साहन गर्नका लागि नयाँ कार्यक्रम ल्याएको हो । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर सरकारले नयाँ कार्यक्रम ल्याएको हो । महिलालाई आर्थिक उपार्जनमा जोड्नका लागि ‘एक जिल्ला, एक उद्यमी महिला प्रोत्साहन कार्यक्रम’ कार्यान्वयन गर्न लागिएको प्रदेश सरकारले जनाएको छ। नयाँ कार्यविधि निर्माण गरेर कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। कार्यक्रम कार्यान्वयन गर्नका लागि महिला उद्यमी पुरस्कार वितरण कार्यविधि २०८१, निर्माणसमेत गरिएको छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट कार्यविधि स्वीकृत भएसँगै कार्यक्रम कार्यान्वयनका चरणमा अघि बढेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। यो कार्यक्रम कार्यान्वयनका लागि ११ लाख बजेट विनियोजन गरिएको मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख अनिता ज्ञवालीले जानकारी दिनुभयो। उहाँका अनुसार कर्णालीका १० वटै जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। उद्यमी महिलालाई प्रोत्साहन गर्नका लागि नयाँ कार्यक्रम कार्यान्वयन गर्न लागिएको उहाँको भनाइ



छ। पछिल्लो समय साना तथा मझौला उद्योगमा महिलाको सहभागितामा वृद्धि भइरहेको छ। उनीहरूको क्षमता विकास र काममा प्रोत्साहन गर्नका लागि पाइलट प्रोजेक्टका रूपमा कार्यक्रम ल्याइएको हो। महिला उद्यमशीलताको क्षेत्रमा योगदान पुऱ्याउने महिला उद्यमीलाई पुरस्कृत गर्ने, उद्यम कार्यलाई सहज, सरल र व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले कार्यक्रम ल्याइएको छ। यो वर्ष सरकारले महिला सशक्तीकरणका कार्यक्रममा जोड दिएको हो। प्रदेश सरकारले महिला तथा बालबालिकाका कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको छ। सीमान्तकृत समुदाय एवं जोखिममा रहेका महिला तथा बालबालिकाको संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको प्रदेश सरकारले जनाएको छ। बालमैत्री छाउपडीमुक्त, छुवाछुतमुक्त, बालविवाहमुक्त बनाउने अभियानका कार्यक्रमसमेत राखिएको हो। यसैबिच प्रदेशको सामाजिक विकास मन्त्रालयले बालविवाह न्यूनीकरणका लागि स्थानीय तहसँग मिलेर कार्यक्रम कार्यान्वयन गर्ने भएको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत बालबालिकालक्षित कार्यक्रमलाई प्राथमिकतामा राखिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका सामाजिक विकास महाशाखाका अनिता ज्ञवालीले बालविवाह न्यूनीकरण गर्न सचेतनाका कार्यक्रम कार्यान्वयन गरिने बताउनुभयो। उहाँले छोरीको जीवन सुरक्षाका लागि कर्णाली प्रदेश सरकारले सञ्चालन गरिरहेको ‘बैङ्क खाता छोरीको, सुरक्षा जीवनभरिको’ कार्यक्रम परिमार्जन गरेर कार्यान्वयन गरिने जानकारी दिनुभयो। सो कार्यक्रम आव २०७६/७७ मा सुरु गरिएको हो। २०७८/७९ बाट भने छोरीको बैङ्क खातामा पैसा जम्मा हुन छोडेको छ तर पनि चालु आव २०८१/८२ को नीति तथा कार्यक्रममा समेत उक्त योजनालाई परिमार्जनसहित कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ। २०७६ साउन १ गते यता जन्मिएका छोरीको खाता खोल्दा सुरुमा एक हजार र त्यसपछि मासिक ५०० रुपियाँ जम्मा गर्ने उद्देश्यले यो कार्यक्रम लागु गरिएको थियो। २०७१ साल पुस १ गते तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कालीकोटको खाँडाचक्र नगरपालिकाका दुई छोरीको बैङ्क खातामा रकम जम्मा गरी कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो। आव २०७६/७७ मा तीन करोड ८४ लाख र आव २०७७/७८ मा छ करोड रुपियाँ स्थानीय तहमार्फत कर्णालीका ११ हजार ४१५ छोरीको खातामा जम्मा गरिएको थियो। त्यसपछि भने प्रदेश सरकारले यो कार्यक्रमका लागि बजेट नै छुट्याएको छैन।

## लुम्बिनी...

सामुदायिक गाईबस्तुको प्रभावकारी व्यवस्थापनको लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा समुदायको सहकार्यमा अगाडि बढाउनुपर्नेमा जोड दिइएको हो । सामुदायिक गाईबस्तुका कारण बालीनालीमा नोक्सानी भई बाली उत्पादनमा क्षती पुगेको, सडक तथा बजार क्षेत्रमा पैदल यात्री तथा सवारीसाधन आवागमनमा समस्या परेको, लोकमार्गहरुमा सामुदायिक गाईबस्तुको अवरोधका कारण सडक दुर्घटना हुने गरेका जस्ता समस्याहरु देखा परेका छन् । बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने, प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारी, मन्त्रालयका सचिव लगायत स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला पक्षको सहभागिता थियो ।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके